गोरखापत्र
www.gorkhapatraonline.com

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
## वन तथा भू-संरक्षण विभाग
बबरमहल, काठमाडौं

## वन तथा भु-संरक्षण विभागको सामुदायिक वनमा पर्यापर्यटन तथा उद्यम प्रवर्द्धन विकास अनुदानका लागि प्रस्ताव / कार्यक्रम पेश गर्ने बारेको सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/११/१६

प्रस्तुत विषयमा वन तथा भु-संरक्षण विभागको यस चालु आ.व. २०७५/०७६ को स्वीकृत कार्यक्रम अन्तर्गत सामुदायिक वनमा पर्यापर्यटन तथा उद्यम प्रवर्द्धन तथा उद्यम विकास अनुदान कार्यक्रम अन्तर्गत छनोट भएको समुह/संस्था/सहकारीहरु मध्ये १०० वटालाई यस विभागबाट प्रति समुह/संस्था/सहकारीलाई पेश भएको प्रस्ताव/कार्ययोजना बमोजिम बढिमा रु. १००,०००।- सम्म अनुदान रकम उपलब्ध गराईने कार्यक्रम रहेकोले तोकिएको प्रकृया पुरा गरी सामुदायिक वनमा पर्यापर्यटन तथा उद्यम प्रवर्धन तथा उद्यम विकास कार्य गर्न ईच्छुक सामुदायिक वन/संस्था/सहकारीहरुले आफ्नो क्षेत्रको डिभिजन वन कार्यालयहरुसँग समन्वय गरी सम्बन्धित डिभिजन वन कार्यालयमा २०७५ चैत्र १५ गते सम्म, क्षेत्रिय वन निर्देशनालयमा २०७५ चैत्र २० गते सम्म र मिति २०७५ चैत्र मसान्त भित्र डिभिजन वन कार्यालय र वन निर्देशनालयको सिफारिस साथ वन तथा भु-संरक्षण विभागमा आई पुग्ने गरि तोकिएको ढाँचामा प्रस्ताव पत्र पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ।

| | | | | |
|---|---|---|---|---|
| खुर्सानी सुकेको | के.जी. | २१० | २२० | २१५ |
| खुर्सानी हरियो | के.जी. | ४५ | ५० | ४८ |
| भेंडे खुर्सानी | के.जी. | ५५ | ६० | ५८ |
| लसुन हरियो | के.जी. | ७० | ८० | ७५ |
| हरियो धनिया | के.जी. | ४० | ५० | ४५ |
| लसुन सुकेको चाइनिज | के.जी. | १६० | १७० | १६५ |
| माछा ताजा | के.जी. | २५० | २५५ | २५३ |

स्रोत: कालिमाटी फलफूल तथा तरकारी बजार विकास व्यवस्थापन समिति, काठमाडौं।

## सूचना

उद्योग, व्यापार, बैङ्क तथा वित्तीय, श्रम, रोजगार, पर्यटन लगायत अर्थजगत्सँग सम्बन्धित तमाम क्षेत्रका सूचना, सन्देश, प्रेसविज्ञप्ति तथा अन्य आवश्यक जानकारी प्रवाहका निम्ति 'अर्थ बजार'लाई सम्झनुहोस्। सामग्री पठाउने ठेगाना यस प्रकार छ :

अर्थिक समाचार ब्यूरो
**गोरखापत्र दैनिक**
गोरखापत्र संस्थान, धर्मपथ, काठमाडौं
इमेल ठेगाना : gpbiznews@gmail.com

गोरखापत्र
www.gorkhapatraonline.com

# अर्थ बजार

▪ गोरखापत्र समाचारदाता

काठमाडौं, फागुन १९ गते। सेञ्चुरी कमर्सियल बैङ्क वीरगञ्ज शाखाले महगढीमाई नगरपालिकामा रहेको प्रसिद्ध गढीमाई मन्दिरमा दर्शनार्थीलाई स्वच्छ पानी पिउन स्टिलका पानी ट्याङ्की प्रदान गरेको छ।

उक्त बैङ्कका प्रमुख कर्जा अधिकृत मनोज न्यौपानेले गढीमाई मन्दिर समितिका अध्यक्ष रामचन्द्रप्रसाद साह तथा मन्दिरका पुजारी रामप्रसाद चौधरीलाई हस्तान्तरण गर्नुभयो। बैङ्कले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत अन्य धुप्रै कार्यक्रम गर्दै आएको जनाएको छ।

## अध्यक्षमा पराजुली

▪ गोरखापत्र समाचारदाता



काठमाडौं, फागुन १९ गते। लुम्बिनी विकास बैङ्कको सञ्चालक समितिको अध्यक्षमा सञ्चालक सुशीलराज पराजुली चयन हुनु भएको छ।

उक्त बैङ्कको फागुन १७ गते बसेको सञ्चालक समितिको बैठकले उहाँलाई अध्यक्षमा सर्वसम्मतिले चयन गरेको हो। उहाँ यसअघि पनि उक्त बैङ्कको सञ्चालक समितिको अध्यक्ष रहनुभएको थियो।

वितरण गर्ने प्रस्ताव गरेको छ। उक्त कम्पनीको चुक्ता ३९ करोड ६९ लाख २८ हजार रुपियाँ रहेको छ।

जस अनुसार एक अर्ब नौ करोड ९२ हजार लाख ३२ हजार ३२१ रुपियाँ बराबरको एक करोड नौ लाख ९२ हजार ३२१ दशमलव ६२ कित्ता बोनस सेयर र कर प्रयोजनसहित एक अर्ब तीन करोड ३२ लाख ८७ हजार २१२ रुपियाँ २८ पैसा लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ। प्रस्तावित बोनस तथा नगद लाभांश नियामक निकाय बीमा समिति र आगामी वार्षिक साधारणसभाबाट पारित भएपछि मात्र सेयर धनीलाई वितरण हुनेछ।

बोनस पुँजीकरणपछि चुक्ता पुँजी पाँच अर्ब ४९ करोड ६१ लाख ६० हजार रुपियाँ कायम हुनेछ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
**वन तथा भू-संरक्षण विभाग**
बबरमहल, काठमाडौं

### संशोधन

यस विभागको मिति २०७५/११/१६ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सामुदायिक वनमा पर्यापर्यटन तथा उद्यम प्रवर्द्धन विकास अनुदान (खर्च शीर्षक २६४१३) प्रस्ताव पेश गर्ने बारेको सूचनामा मिति २०७५ चैत्र १५ गतेसम्ममा क्षेत्रीय वन निर्देशनालयमा समेत सकिने उल्लेख भएकोमा हाल सोको सट्टा विराटनगर, जनकपुर, हेटौडा, पोखरा, बुटवल, सुर्खेत र धनगढीमध्ये आफूलाई पायक गर्ने प्रदेशको वन निर्देशनालयमा समेत पेश गर्न सकिने गरी संशोधन गरिएको छ । साथै उल्लिखित शीर्षकको कार्यक्रममा उक्त शीर्षक अन्तरगत **सामुदायिक वनमा पर्यापर्यटन कार्यक्रम**को अनुदानका लागि मात्र प्रस्ताव माग गरिएको व्यहोरा समेत पुनः स्पष्ट गरिएको छ।

नेपाल सरकार